# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८१।०५।१६

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य बविन शर्मा (बासुदेव शर्मा) लाई पितृशोक परेको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । उहाँका ८१ वर्षीय पूजनीय पिता लिलाध्वज स्वारको २०८१ भाद्र १५ गते शनिबार बेलुका ७:४५ बजे भक्तपुरस्थित निवासमा निधन भएको हो ।

विगत १६ महिनादेखि मेरुदण्डको पक्षघातका कारण घरमै रहेर स्वास्थ्यलाभ गरिरहनु भएका स्वर्गीय स्वारका २ छोरा र ३ छोरी हुनुहुन्छ । केन्द्रीय सदस्य बविन शर्मा जेठा छोरा हुनुहुन्छ ।

यसअघि लडेर मेरुदण्ड भाँचिएपछि सिभिल सर्भिस अस्पताल बानेश्वरमा शल्यक्रिया गरिएलगत्तै स्वारलाई डेढ महिना काभ्रेपलान्चोकको साँगास्थित स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्रमा राखिएको थियो ।

नेपाल पत्रकार महासंघ स्वर्गीय पिताप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ केन्द्रीय सदस्य बविन शर्मासहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गर्दछ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org